नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०७/१४

## जरुरी सूचना ।

हाल म्याग्दी जिल्लामा पनि लक्षण सहितका कोभिड-१९ संक्रमित व्यक्ति दिनप्रतिदिन बढ्दै गएको र आगामी दिनमा यसको संक्रमण अझ तीव्र गतिमा फैलिन सक्ने सम्भावना उच्च रहेको छ । विषेशगरी सदरमुकाम बेनी बजार क्षेत्र तुलनात्मक रुपमा बढी जोखिममा रहेको अवस्था समेतलाई दृष्टिगत गरी बेनी नगरपालिकाको च.नं. ७४६, मिति २०७७/०७/१४ को प्राप्त पत्रबाट अनुरोध भए बमोजिम तथा म्याग्दी उद्योग बाणिज्य संघको आग्रह र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), को मिति २०७७ कार्तिक १४ गते बसेको बैठकले देहायनुसारको निर्णय गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

### निर्णय

१. बेनी नगरपालिकाको कार्यालय तथा बेनी नगरपालिकाका सबै वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु, सदरमुकाम स्थित बैंक, वित्तिय संस्था एवं सहकारीहरुबाट प्रदान गरिने सेवाहरु र अत्यावश्यक सेवा र बस्तु बाहेकका पसलहरु (औषधी पसल २४ सै घण्टा र अन्य अत्यावश्यक बस्तु र सेवाका पसल बिहान ८ बजे देखि १० बजे सम्म मात्र) मिति २०७७ कार्तिक १४ गते राती १२ बजेदेखि २१ गते राती १२ बजेसम्म बन्द गर्ने । अत्यावश्यक काम बाहेक सुरक्षा र जनस्वास्थ्य मापदण्ड पालना नगरी घर बाहिर ननिस्कन नगरबासीमा आह्वान गर्ने ।

२. अत्यावश्यक काममा बाहेक उल्लेखित अवधिमा संक्रमित जिल्लाबाट म्याग्दी जिल्ला आवतजावत नगरिदिन सम्बन्धित सबैमा अनुरोध गर्ने ।

२०७७/०७/१४
उमाकान्त अधिकारी
प्रमुख जिल्ला अधिकारी